# सामुदायिक संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५,

*( गाँउ कार्यपालिकाबाट पारित मितिः २०७५।०१।२३)*
*(गाउँ सभा तथा गाँउ कार्यपालिकाबाट प्रमाणिकरण मितिः २०७५।०१।२३)*
*(प्रकाशित मितिः २०७५ श्रावण २१ सोमबार)*

**प्रस्तावना**

संघीय शासन प्रणालीमा जनताका सवै भन्दा नजीकका सरकारका रुपमा स्थानीय तहहरुलाई जनताको जीवन संग अभिन्न रुपमा गांसिएको मानिन्छ । स्थानीय तह मार्फत दीगो र समावेशी विकास एवं सार्वजनिक सेवाहरु प्रभावकारी रुपमा प्रवाह हुने विश्वास गरिएको मात्र नभै स्थानीय शासनमा सक्षम नागरिक समाजको अर्थपूर्ण सहभागिताको पनि व्यवस्था गरिएको छ । वदलिंदो समय परिवेशमा जनताका असीमित आवश्यकताहरुलाई कुसलतापूर्वक सम्वोधन गर्न स्थानीय स्तरमा रहेका संगठित प्रयासहरुलाई पनि स्थानीय तहको विकास र शासनमा जोड्न आवश्यक छ । विगत देखि नै विभिन्न निकायहरमा दर्ता, आवद्ध र सूचीकृत हुंदै आएका सामुदायिक संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गरेर लक्ष्य र उदेश्य प्राप्तिको काममा सहयोग गर्न र निर्देशित गर्न आवश्यक देखिएको छ ।

जाजरकोट जिल्लाको कुशे गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न भौगोलिक तथा विषयगत कार्य क्षेत्रमा क्रियाशील रहेका र क्रियाशील हुन इच्छुक सामुदायिक संस्थाहरुको परिचालन र व्यवस्थापनको कामलाई समन्वयात्मक, प्रभावकारी र नतीजामुलक वनाउन संस्थागत व्यवस्था गर्न जरुरी भएको र स्थानीय स्रोत साधन र प्रयासहरुलाई एकीकृत र समन्वित गरी स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कशे गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७५।०१।२३ को वैठकवाट सामुदायिक संस्था परिचालन र व्यवस्थापन कार्यविधि, २०७५ पारीत गरी लागू गरिएको र तेश्रो गाउँ सभाको वैठकवाट अनुमोदन गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “कुशे गाउँपालिकाको सामुदायिक संस्था परिचालन तथा व्यवस्थापन कायविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुने छ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित,



CamScanner

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) **"गाउँपालिका"** भन्नाले संविधान र ऐन बमोजिम स्थापना भएको कुशे गाउँपालिका सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले "कुशे गाउँपालिकाको सामुदायिक संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" लाई सम्झनु पर्छ ।

(घ) **"जिल्ला"** भन्नाले नेपाल राज्यको कर्णाली प्रदेशमा पर्ने जाजरकोट जिल्लालाई सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

(च) **"गैर सरकारी संस्था"** भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिका क्षेत्रमा गाउँपालिका र वडापालिका सँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ ।

(छ) **" नियमावली"** भन्नाले संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाको नियमावलीलाई सम्झनु पर्छ ।

(ज) **"विकास साझेदार"** भन्नाले नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् वहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र संघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ

(झ) **"लक्षित समूह"** भन्नाले महिला, वालवालिका, विपन्न, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति एवम् संघीय नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेका लक्षित वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ऐनको दफा ८४ बमोजिम नेपाल सरकारबाट नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(ट) **"सामाजिक परीक्षण"** भन्नाले गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(ठ) **"सार्वजनिक परीक्षण"** भन्नाले गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५ वमोजिम नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट ( आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(ड) **"सार्वजनिक सुनुवाई"** भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र गाउँपालिकाका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।



भन्नाले सामुदायिक संस्थालाई जनाउंछ ।

**"संस्था"** भन्नाले सामुदायिक संस्थालाई जनाउंछ ।

**"योजना"** भन्नाले गाउँपालिकाका जनताको आर्थिक तथा सामाजिक रुपान्तरण र आवश्यकताको परिपूर्तिका लागि तयार पारिएका आवधिक गाउँ विकास योजना, वार्षिक गाउँ विकास योजना, विषयगत र क्षेत्रगत गुरू योजना, रणनीतिक योजना, आवधिक र विषयगत योजना आदि सम्झनु पर्छ ।

(त) **"न्यूनतम शर्त र कार्य सम्पादन मापन"** भन्नाले गाउँपालिकाको न्यूनतम शर्त र कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनु पर्छ ।

(थ) **" कार्यपालिका "** भन्नाले गाउँपालिकाको कार्यकारी अंगलाई सम्झनु पर्छ ।

**कार्यविधिको उद्देश्य :**

(क) गाउँपालिकाको विकास र सेवा प्रवाहमा नागरिकको सहभागिता प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(ख) गाउँपालिकाका विकास योजना तथा कार्यान्वयनमा सामुदायिक संस्थाको भूमिका वढाउन सहयोग गर्ने ।

(ग) आयोजना व्यवस्थापन प्रक्रियालाई सरलीकृत गर्दै कार्यान्वयनमा सहयोग गर्ने ।

(घ) स्थानीय स्तरमा पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(ङ) स्थानीय सामुदायिक संस्थाहरुको संस्थागत क्षमता र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्न सहयोग गर्ने ।

(च) सहभागितामूलक योजना तर्जुमा नागरिक सहभागिता प्रवर्द्धन गर्न सहयोग गर्ने ।

४. **कार्यविधिको कार्य क्षेत्र :** गाउँपालिका क्षेत्रमा गाउँवासीहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका तथा अन्य निकाय मार्फत सञ्चालन गरिने विभिन्न विषयगत कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिका निर्वाह गर्ने समुदायमा आधारित संस्थाहरुको कुशल परिचालन र व्यवस्थापन गर्नु यस कार्यविधिको कार्य क्षेत्र हुने छ ।

## परिच्छेद - २
## सामुदायिक संस्था परिचालन सम्वन्धी व्यवस्थाहरु

५. **सामुदायिक संस्था परिचालनका क्षेत्रहरु** : यस कार्यविधि वमोजिम सूचीकृत र दर्ता हुने सामुदायिक संस्थाहरु निम्न प्रकारका विषयगत क्षेत्रमा परिचालित हुने छन् :-

(क) **भौतिक पूर्वाधार र संरचना निर्माण -** निर्माण, मर्मत सम्भार र सामाजिक परिचालन

**(ख) सामाजिक विकास** - शिक्षा, स्वास्थ्य, सरसफाई, वालमैत्री स्थानीय शासन प्रारुप कार्यान्वयनमा सहयोग, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विविध क्षेत्रमा संगठन निर्माण, सशक्तिकरण र वकालत

**(ग) वातावरण र विपद व्यवस्थापन** - वातावरण मैत्री स्थानीय शासन प्रारुप प्राकृतिक श्रोत र जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकूलन योजना निर्माण र कार्यान्वयनमा सहयोग, विपद व्यवस्थापन र प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा सहयोग

**(घ) आर्थिक विकास** - कृषि प्रसार, जीविकोपार्जन सुधार, पशु पंक्षी विकास र प्रविधि प्रसार, पर्यटन, वित्तिय सेवा प्रवाह

**(ङ) सामाजिक परिचालन र समुदाय सशक्तिरण**

(१) सामाजिक परिचालन मार्फत परिवार, टोल, बस्ति, वडाको नक्सांङ्कन र सम्वद्ध संस्थाको अभिलेख व्यवस्थापन

(२) गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाको परिचालन र क्षमता विकास

(३) समुदाय सशक्तीकरण (समूह, संस्था गठन र परिचालन) सीप विकास, व्यवसाय व्यवस्थापन,

(४) सामुदायिक मध्यस्थता र कानूनी उपचार तथा सहायता समिति परिचालन,

(५) वाल मैत्री स्थानीय शासन, बाल विकास, वाल क्लव तथा बाल सञ्जालको विकास,

(६) वातावरण मैत्री स्थानीय शासन प्रवर्द्धन

(७) विपन्न घरधुरी नक्साङ्कन,

(८) लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक सशक्तीकरण र गरिबी न्यूनीकरण,

(९) सामुदायिक कोष सञ्चालन र व्यवस्थापन

(१०) सामाजिक परिचालन समितिको संस्थागत विकास

(११) सूचनाको हक सहित सुशासन प्रवर्द्धन तथा नगरपालिकाको विकास र सेवा सँग सम्वन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्र सँग गरिने अन्तर्रक्रिया एवम् समन्वय

**(च) संस्थागत सेवा प्रवाह र सुशासन** - अनुगमन, मूल्यांकन, न्यूनतम शर्त तथा कार्य सम्पादन मापन, प्रभाव अध्ययन अनुसन्धान, योजना, गुरुयोजना तथा रणनीतिक/आवधिक योजना निर्माण, वस्तुगत विवरण तयारी र अध्यावधिक, आवधिक समीक्षा, सूचना अभिलेख व्यवस्थापन र विद्युतीय शासनको विकास र विस्तार

**(छ) प्रवर्द्धनात्मक कार्यहरु**

(१) लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन

(२) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण

(३) शिक्षामा पहुंच र गुणस्तर प्रवर्द्धन

(४) सूचनाको हक र सुशासन प्रवर्द्धन



(५) गाउँपालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुको संस्थागत क्षमता विकास

(६) आर्थिक विकासका लागि एक गाँउ एक उत्पादन सँग केन्द्रित कार्यक्रम,

(७) प्रजनन् अधिकार प्रवर्द्धन र पाठे घर खस्ने सवाल

(६) प्राथमिक स्वास्थ्य, एच.आइ.भि.र एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, स्वास्थ्य तथा पोषण प्रवर्द्धन, स्वास्थ्य सम्बन्धी अभियान र प्रचारप्रसार

(७) वातावरण संरक्षण तथा जलवायु परिवर्तन

(८) विपद व्यवस्थापन र प्रतिकार्य

(९) दीगो भूव्यवस्थापन, सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाइ, उन्नत बीउ विजन तथा प्रविधि विकास संग सम्वन्धी (जस्तैः हरितगृह, गोठे मल-मूत्र संकलन, कीटनाशक औषधि, आकाशे पानी संकलन, सिंचाइ प्रविधि आदि)

(१०) वाल मैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन प्रवर्द्धन

(११) गाउँपालिका र वडाहरुको वस्तुगत विवरण र सूचना अध्यावधिक तथा विद्युतीय सुशासन

(१२) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वस्थ्यता सम्वन्धी कृयाकलाप

(१३) कला, साहित्य, लिपि तथा संस्कृति प्रवर्द्धन, पुस्तकालय व्यवस्थापन, सामुदायिक रेडियो,

(१४) गैर काष्ठ बन पैदावार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रशोधनात्मक कार्य, जैविक विविधता संरक्षण

(१५) स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्द्धन

(१६) युवा रोजगार उन्मुख शीप तथा उद्यमशीलता विकास, चालु पूंजी सहयोग

(१७) स्थानीय इतिहास, कला, संस्कृति र साहित्यको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन उद्यमशीलता विकास, पूंजी सहयोग

(१८) नविकरणीय उर्जा विकास र प्रवर्द्धन,

(१९) जीविकोपार्जन तथा गरिबी निवारणमा टेवा पुऱ्याउने कार्यक्रम,

(२०) गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि,

(२१) विपन्नता र गरिवी नक्शाङ्कन तथा अध्यावधिक गर्ने कार्य

(२२) सुरक्षित तथा मर्यादित बैदेशिक रोजगार सम्बन्धी अवसर तथा जोखिमको बारेमा सचेतना कार्यक्रम

(२३) ग्रामीण तथा शहरी सुरक्षा सुदृढीकरण सम्बन्धी कार्यक्रम

**६. सामुदायिक संस्था परिचालन गर्न सक्ने** : यस कार्यविधि र गाउँपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७५ अनुसार वमोजिम दफा ५ का विषयगत विकास कार्यक्रम र योजनामा परिचालन गर्न सकिने छ।



CamScanner

**७. सूचीकृत गरी कार्यक्रम समावेश गर्नु पर्ने** : यस गाउँपालिका क्षेत्र भित्र गैह्र सरकारी संस्था वा सामुदायिक संस्थाहरु मार्फत कार्यक्रम सञ्चालन गरिरहेका संस्थाहरुले गाउँपालिकामा अनिवार्य रुपमा आफ्नो कार्यक्रम गाउँ विकास योजनामा समावेश गर्नु पर्ने छ ।

**८. सामाजिक परिचालन समितिको संस्थागत संरचना :**
गाउँपालिका क्षेत्रको सवै विकासका काममा भै रहेको सामाजिक परिचालनको कामलाई व्यवस्थित वनाउन तयार गरिने कार्यविधि अनुसार गठन गरिने सामाजिक परिचालन समितिलेनै सामुदायिक संस्था परिचालन र व्यवस्थापनका सम्वन्धमा आवश्यक कार्य गर्ने छ ।

## परिच्छेद - ३
## सामुदायिक संस्था व्यवस्थापन सम्वन्धी व्यवस्थाहरु

**९. सामुदायिक संस्थाहरु दर्ता र सूचीकृत गर्नु पर्ने** : यस नगरपालिका क्षेत्र भित्र सामुदायिक संस्थाहरु मार्फत कार्यक्रम सञ्चालनमा परिचालित सामुदायिक संस्थाहरु अन्य कुनै निकायमा दर्ता भएकोमा यस गाउँपालिकामा सूचीकृत गर्नु पर्ने छ र नयां सामुदायिक संस्थाहरु यस गाउँपालिकामा दर्ता गर्नु पर्ने छ ।

**१०. सामुदायिक संस्थाहरु दर्ता र सूचीकृत प्रक्रिया :**
(क) स्वयंसेवी र स्वतः स्फूर्त क्रियाशील रहेकोमा संस्था गठन सम्वन्धी निर्णय प्रतिलिपि
(ख) विकास कार्यक्रमको साझेदार निकाय मार्फत परिचालित भएमा सम्वन्धित निकायको सिफारिस
(ग) नयां दर्ता भए दर्ता शुल्क रु. ५००। र सूचीकृत भए सूचीकरण शुल्क रु.२००।
(घ) नयां दर्ता भए विधान ३ प्रति
(ङ) संस्थापक वा तदर्थ वा कार्य समिति वा प्रवन्ध समितिमा रहेका पदाधिकारीको नेपाली नागरिकताको प्रमाणपत्र
(च) अनुसूची (३) वमोजिमको निवेदन
(छ) दर्ता भएका सामुदायिक संस्थाहरुलाई अनुसूची (२) वमोजिमको प्रमाणपत्र उपलब्ध गराइने छ ।
(ज) सूचीकृत भएका सामुदायिक संस्थाहरुको विवरण अनुसूची (१) वमोजिमको अभिलेखीकरण गरिने छ ।
(झ) सूचीकृत गर्दा दर्ता प्रमाणपत्र र प्रगति विवरण प्रस्तुत गर्नु पर्ने छ ।

**११. सामुदायिक संस्थाहरुको विधानमा समेटिनु पर्ने विषयहरु** : (भाग वा परिच्छेद वा खण्डमा विभाजन गरेर वा नगरेर)



**(क) प्रस्तावना वा पृष्ठभूमी वा भूमिका**
(१) समय सन्दर्भ
(२) संस्थाको औचित्य)

**(ख) प्रारम्भिक**
(१) संक्षिप्त नाम
(२) प्रारम्भ
(३) कार्यालय
(४) छाप
(५) कार्य क्षेत्र
(६) नाफारहित वा मुनाफाकारी
(७) लोगो वा प्रतिक चिन्ह

**(ग) परिभाषा**
(१) उदेश्य
(२) उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु

**(घ) सदस्यता**
(१) सदस्यताको वर्गीकरण
(२) सदस्यताको लागि योग्यता
(३) सदस्य बन्न नसक्ने अवस्था
(४) सदस्यता कायम नरहने अवस्था

(ङ) **बैठक तथा सांगठनिक व्यवस्था**
(१) साधारण सभा
(२) कार्यकारिणी समिति
(३) सल्लाहकार समितिः
(४) उप समितिहरु र कार्य सम्पादनका व्यवस्था
(५) गणपूरक संख्या

**(च) आर्थिक व्यवस्था**
(१) कोष र खाता संचालन

**(छ) निर्वाचन**
(१) उम्मेदवार हुन योग्यता
(२) अविश्वासको प्रस्ताव



CamScanner

(ज) विविध

(१) विधान संशोधन

(२) विनियम तथा अन्य कानूनी र नीतिगत दस्तावेज वनाउन सक्ने :

(३) वचाउ र खारेजी

(४) प्रचलित कानुन अनुसार हुने

**१२. सामुदायिक संस्थाहरु नवीकरण गर्नु पर्ने :**

दफा ९ वमोजिम दर्ता भएका सामुदायिक संस्थाहरु प्रत्यक वर्ष रु.१५०। नवीकरण शुल्क तिरेर नवीकरण गर्नु पर्ने छ र नवीकरण गरेको विवरण दर्ता प्रमाणपत्रमा प्रविष्ट गर्नु पर्ने छ।

## परिच्छेद - ४
## सामुदायिक संस्थाको सुशासन

**१३. सामुदायिक संस्थाको सुपरिवेक्षण तथा अनुगमन :**

(क) गाउँपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिले सामुदायिक संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने छ।

(ख) सुपरिवेक्षण तथा अनुगमन समितिले सामुदायिक संस्थाको परिचालन र व्यवस्थापनको काम प्रभावकारी र कानून सम्मत भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउन सक्ने छ।

**१४. संस्थाको सामाजिक परीक्षण गर्नु पर्ने :** सामुदायिक संस्थाहरुले १ वर्षमा कम्तिमा १ पटक सामाजिक परीक्षण गर्नु पर्ने छ।

**१५. लेखा परीक्षण गर्नु पर्ने :** सामुदायिक संस्थाहरुले १ वर्षमा कम्तिमा १ पटक संस्थाको सवै आर्थिक कारोवारको अन्तिम लेखा परीक्षण गराउनु पर्ने छ।

**१६. पारदर्शिता र जवाफदेहिता :** सूचनाको हक सम्वन्धी ऐन, २०६४ र अन्य प्रचलित संघीय, प्रादेशिक र गाउँपालिकाका कानून अनुसारका पारदर्शिता र जवाफदेहिता सम्वन्धी दायित्व संस्थाले पूरा गर्नु पर्ने छ।

**१७. आचरण र आपराधिक पृष्ठभूमि सम्वन्धी सूचना लिने :** संस्थाको विधानमा उल्लेख भए अनुसार संस्था खोल्ने आवेदकहरुको आचरण र आपराधिक पृष्ठभूमि सम्वन्धी सूचना आवश्यक



पर्ने भएकाले सम्वन्धित शाखा वा गाउँ कार्यपालिकाको कार्यालयले प्रहरी वा अन्य माध्यमवाट आचरण र आपराधिक पृष्ठभूमि सम्वन्धी सूचना लिन सक्ने छ।

## परिच्छेद - ५
## विविध

**१८. व्याख्या गर्न सक्ने :**
यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिको व्याख्या गर्न सक्ने छ।

**१९. थपघट वा हेरफेर गर्न सक्ने :**
यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गरी थप घट गर्न वा हेरफेर गर्न सक्ने छ।

**२०. यसै वमोजिम हुने :**
यस कार्यविधिमा उल्लेख भएकोमा यस कायविधि वमोजिम हुने छ र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानून वमोजिम हुने छ।

**२१. बचाऊ :**
(क) गाउँपालिकावाट सामुदायिक संस्थाको परिचालन र व्यवस्थापन गर्न साविकमा प्रचलित कानून अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।
(ख) यस कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनु भन्दा अघि नगर सभाबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन। तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्ने छ।
(ग) गाउँपालिकाको सभाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयन सम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नु पर्ने छ।

**२२. अमान्य हुने :** यस कार्यविधिका कुनै प्रावधानहरू प्रचलित संघीय र प्रादेशिक कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ।



CamScanner

## अनुसूची १
(कार्यविधिको दफा १० (ज) सँग सम्बन्धित)
सामुदायिक संस्थाको लगत
कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सामाजिक विकास शाखा
सामुदायिक संस्थाको लगत

(क) सामुदायिक संस्थाको नाम : (ख) ठेगाना :
(ग) दर्ता/सूचीकृत नंवर र मिति : (घ) गठन भएको मिति :
(ङ) भौगोलिक कार्य क्षेत्र : (च) विषयगत कार्य क्षेत्र
:
(छ) सामुदायिक संस्थाको खाता रहेको बैंक वा वित्तिय संस्थाको नाम र खाता नं. :
(ज) फोन नंवर : (झ) वेभसाइट : (ञ) इमेल पहिचान :
(ट) सूचीकृत भए पहिला दर्ता भएको निकाय/संस्था/कार्यालय :
(ठ) दर्ता मिति : (ड) दर्ता नंवर :
(ढ) संस्थाको कार्यकारिणी समिति विवरण :

| क्र.स. | पद | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | वरिष्ठ उपाध्यक्ष | | | |
| ३ | महिलाउपाध्यक्ष | | | |
| ४ | उपाध्यक्ष | | | |
| ५ | महासचिव | | | |
| ६ | सचिव | | | |
| ७ | सह सचिव | | | |
| ८ | कोषाध्यक्ष | | | |
| ९ | सह वा सहायक कोषाध्यक्ष | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |
| १२ | सदस्य | | | |
| | सदस्य | | | |
| १३ | सदस्य | | | |
| १४ | सदस्य | | | |
| १५ | सदस्य | | | |
| १६ | सदस्य | | | |
| १७ | सदस्य | | | |
| १८ | सदस्य | | | |
| १९ | सदस्य | | | |
| २० | सदस्य | | | |
| २१ | सदस्य | | | |

अनुसूची २
(कार्यविधिको दफा १० (छ) सँग सम्वन्धित)
सामुदायिक संस्था दर्ता प्रमाणपत्रको ढांचा

कुशे गाउँपालिकाको कार्यालय
थर्पु, भार्मा
जाजरकोट
कर्णाली प्रदेश,नेपाल

सामुदायिक संस्था दर्ता प्रमाणपत्र

यस गाउँपालिकाको ............शाखाको मिति २०७ । । को निर्णयानुसार श्री..................................लाई सामुदायिक संस्था दर्ता नम्वर..........मा दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

उप शाखा प्रमुख वा सहायक शाखा प्रमुख

द्रष्टव्य : नवीकरणको प्रमाणिकरण यस प्रमाणपत्रको पछाडी पट्टी गरिने छ ।



अनुसूची ३
(दफा १० (च) सँग सम्वन्धित)
सामुदायिक संस्था सूचीकृत गर्न दिने निवेदनको ढांचा

कुशे गाउँपालिकाको कार्यालय
थर्पु,भार्मा
जाजरकोट
कर्णाली प्रदेश,नेपाल
सामुदायिक संस्था दर्ताका लागि दिने निवेदन

विषय : **सामुदायिक संस्था दर्ता सम्वन्धमा ।** मिति : २०७ । ।

हामील कुशे गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा सहयोष्ग पुर्याउन ...............................नामक सामुदायिक संस्था यस गाउँपालिकामा दर्ता गर्न चाहेकाले प्रचलित कानून अनुसार निम्न कागजात संलग्न राखी आवेदन गरेका छौं । सामुदायिक संस्था परिचालन र व्यवस्थापन सम्वन्धमा गाउँपालिकाको प्रचलित कानून मान्य हुने छ ।

क) सामुदायिक संस्थाको नाम :
ख) ठेगाना :
ग) उदेश्यहरु :
घ) विषयगत कार्य क्षेत्र :
ङ) भौगोलिक कार्य क्षेत्र :
च) संलग्न कागजातहरु :
१) अघिल्लो पेजको तल र प्रत्यक पेजको तल माथी संस्थापक समितिका पदाधिकारीले दस्तखत गरेको विधान ३ सेट
२) संस्थापक समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु
३) कुनै विकास साझेदार संग आवद्ध भए उक्त निकायको प्रमाणिकरण
४) सम्वन्धित वडा कार्यालयको सिफारिस
छ) आवेदकहरु (संस्थाको संस्थापक समितिका तर्फवाट)

| क्र.स. | पद | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

श्रीशाखा प्रमुखज्यू,
......................शाखा,
कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
थर्पु भार्मा, जाजरकोट ।

CamScanner